# बाढीपहिरोका कारण ऊर्जा र सिँचाइमा १० करोडको क्षति



■ सौर्य समाचार

काठमाडौं । यही १७ र १८ असोजको अविरल वर्षासँगै देशका विभिन्न नदीनालाको बाढीबाट ऊर्जा, जलस्रोत तथा सिँचाइतर्फ करिब १० करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ । ऊर्जा जलस्रोत, भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार नदी कटान, डुबान र बाढीका कारण उक्त क्षति भएको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले दिएको जानकारीअनुसार मुलुकका विभिन्न भागमा १ हजार ५०० मिटर तटबन्ध कटान हुँदा १० करोड रुपैयाँ बराबरको क्षति भएको हो ।

कन्काइले गौरीगन्ज-२ झापामा हुलाकी राजमार्गको तल्लोतटीय दायाँ किनारमा करिब २०० मिटर तटबन्धन कटान गरी होक्लबारी गाउँका करिब ११४ घर डुबाएको छ । त्यहाँको ५०० हेक्टर धान खेतमा क्षति साथै झापा गाउँपालिका २ को कुवाडीमा २०० मिटर तटबन्ध कटान हुँदा ७५ लाख रुपैयाँको क्षति भएको छ ।

यसैगरी, मेची नदीले ठाउँठाउँमा रहेको स्परमा करिब ५० लाख रुपैयाँ, विराटनगरस्थित केशलिया नदीमा डुबान भई ७५ घर स्थानान्तरण, कमला नदीको पूर्वी किनार सिरहा १७ पटेरुवाको तटबन्धमा करिब २५ लाख रुपैयाँ बराबरको क्षति भएको छ । रौतहटमा लालबकैया नदीको दायाँ किनारमा करिब ६० मिटर तटबन्ध बगाई करिब १०० हेक्टर धान खेत र बौदीमाई गाउँमा करिब १२० मिटर तटबन्ध बगाई २०० हेक्टर धान तथा घरगोठ डुबान हुँदा ६० लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

त्यस्तै, महोत्तरीमा रातो नदीले बलवा, लोहरपट्टी, रतबारा तथा जलेश्वर क्षेत्रका तटबन्ध कुल ८९० मिटर कटान गरी ८ करोड रुपैयाँ बराबरको क्षति पुऱ्याएको छ । यसले सदरमुकाम जलेश्वरसमेत बाढीको उच्च जोखिममा पारेको छ । सिँचाइतर्फ भने, विभिन्न आयोजनाका गेट समयमै सञ्चालन गरिएकाले ठुला संरचनागत क्षति नभएको जनाइएको छ । तर, झाँज सिँचाइ प्रणाली नजिकै मोहमदपुर गाउँ डुबानमा परेको छ भने सुनसरी-मोरङ, बाग्मती र नारायणी सिँचाइ आयोजनाभित्रका खोल्साले खेतीयोग्य जमिनमा कटान गरेका छन् ।

यस्तै, सुनकोसी नदीको बाढीले निर्माणाधीन सुनकोसी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बाँध स्थल डुबानमा पारेको छ । कफर ड्यामसहितका संरचनाको वास्तविक अवस्था भने एकिन हुन सकेको छैन । त्यस्तै, कोसी र बाग्मती प्रदेशका इलाम, पाँचथर, ताप्लेजुङलगायत पहाडी जिल्लामा पहिरोका घटनाहरू भएका छन् । यद्यपि सो क्षेत्रका क्षतिको विस्तृत विवरण संकलन भइसकेको छैन ।

### तत्काल सडक खुलाउन र पुनर्निर्माण गर्न सरकार तत्पर छ : घिसिङ



ऊर्जा, भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले वर्षाका कारण बन्द रहेका सडक खुलाउने तयारी गरेको बताएका छन् । २ दिनको वर्षापछि भएको घटनाको बारेमा मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले अब सडकहरू खोलिने बताएका हुन् । त्यस क्रममा उनले सबैको सतर्कताले मानवीय क्षति कम भएको पनि बताए । वर्षात्का कारण आएको बाढीका कारण ठुलो मानवीय क्षति नभएको स्पष्ट पारे । वर्षापछि आएको बाढी तथा पहिरोका कारण विभिन्न क्षेत्रमा भौतिक क्षति पुगेको बताउँदै त्यसलाई सरकारले प्राथमिकताका साथ पुनर्निर्माण गर्ने जानकारी दिए ।

#### सावधानी अपनाउन आग्रह

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले एक प्रेस विज्ञप्ति जारी गर्दै सावधानी अपनाउन आग्रह गरेको छ । प्रेस विज्ञप्तिमा उल्लेख गरिएअनुसार वर्षा र पहिरोका कारण देशका प्रमुख तथा सहायक सडकहरू बन्द हुँदा जनजीवन प्रभावित भएको छ । मन्त्रालयले घटनामा परी ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै पीडित परिवारप्रति समवेदना व्यक्त गरेको छ । साथै, जोखिमयुक्त स्थानमा यात्रा नगर्न तथा आवश्यक सतर्कता अपनाउन आमनागरिकलाई अनुरोध गरिएको छ ।

सडक विभागले प्रमुख अवरुद्ध सडकहरू खोल्नका लागि आवश्यक जनशक्ति, उपकरण र स्रोत परिचालन गरेको जनाएको छ । केही प्रमुख राजमार्गहरू खुलाउने कार्य तीव्र गतिमा भइरहेको मन्त्रालयले जनाएको छ । विशेषगरी, नारायणघाट-मुग्लिन सडक खण्डमा सवारी साधनको एकतर्फी सञ्चालन सुरु गरिएको छ भने अन्य सडकहरूमा पनि अवरुद्ध स्थान हटाइरहेको छ । यस्तै, पोखरा-मुग्लिन तथा भुलभुले-बेसीसहर सडकखण्ड पनि सुचारु गर्न आवश्यक कार्य भइरहेको छ ।

सडक विभाग स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, ट्राफिक प्रहरीलगायत स्थानीय निकायसँग समन्वय गरी सडक सुचारु गर्ने कार्यमा खटिएको छ । नवीनतम जानकारीका लागि सडक विभागको आधिकारिक वेबसाइट वा तल दिइएको नम्बरमा सम्पर्क गर्न आग्रह गरिएको छ ।

### वर्षाको कारण १८ वटा जलविद्युत् आयोजना प्रभावित

काठमाडौं । वर्षाले मुलुकका विभिन्न जलविद्युत् आयोजना प्रभावित भएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का अनुसार बाढी, पहिरो तथा भीषण वर्षाका कारण १३ वटा सञ्चालनमा रहेका आयोजना बन्द भएका छन् भने निर्माणाधीन अवस्थामा रहेका ९३ मेगावाट क्षमताका ५ आयोजना क्षतिग्रस्त भएका छन्। प्रभावित १८ आयोजनामध्ये १४ आयोजना इलाममा रहेका छन् भने बाँकी सिन्धुपाल्चोक र पाँचथर जिल्लामा छन् ।

इलामका माई खोला हाइड्रोपावर, माई खोला क्यासकेड, सुपर माई, सुपर माई ए, जोगमाई खोला, जोगमाई क्यासकेड, तल्लो जोगमाई, माइबेनी हाइड्रोपावर, माथिल्लो माई खोला र माई सी क्यासकेडलगायतका आयोजना पूर्णरूपमा बन्द भएका छन् ।

त्यस्तै सिन्धुपाल्चोकका ब्रह्मायणी र अपर ब्रह्मायणी तथा पाँचथरका सभा खोला 'बी' र हेवा खोला आयोजना क्षतिग्रस्त भएका छन् । यी आयोजना समयमै सञ्चालनमा ल्याउन नसकिने भएको इप्पानले जनाएको छ । यसैगरी इलाममा निर्माणाधीन सिद्धि हाइड्रोपावरमा पनि क्षति पुगेको छ ।

# मुस्ताङ भन्सारबाट १४ दिनमा २ अर्ब राजस्व संकलन



■ सौर्य समाचार

काठमाडौं । नेपाल-चीन उत्तरी कोरलानाकास्थित न्हेचुङ भन्सार कार्यालयले २ साताको अवधिमा २ अर्ब २ करोड ९६ लाख २९ हजार राजस्व संकलन गरेको छ । गत ३१ भदौमा पूर्णरूपमा सञ्चालनमा आएको यहाँको कोरला नाकास्थित मुस्ताङ भन्सार कार्यालयले गत सातासम्म उक्त राजस्व संकलन गरेको हो ।

यो भन्सार कार्यालयको इतिहासमै पहिलोपटक त्यति ठुलो अनुपातमा राजस्व संकलन भएको हो । यहाँ दैनिक औसत भन्सार राजस्व १३ करोड ६६ लाख रुपैयाँभन्दा बढी अनुपातमा राजस्व संकलन गर्न सफल भएको देखिएको छ । यसअघि यहाँको भन्सार कार्यालयले बर्सेनि सीमापार गर्ने उपल्लो मुस्ताङका नागरिकले आयात गर्ने घरायसी मालवस्तु राजस्व १० देखि १५ लाख रुपैयाँमै सीमित रहन्थ्यो ।

यसपटक बाढी पहिरो र नदी कटानका कारण रसुवागढी र तातोपानी नाका अवरुद्ध हुँदा यहाँको नाकाबाट मालबस्तु तथा विद्युतीय सवारी आयात बढ्दो रहेको हो । सीमावर्ती स्थानीय नागरिकका लागि मात्रै सञ्चालनमा आएको कोरला नाका भन्सार विभागले पूर्णरूपमा सञ्चालनमा ल्याएसँगै कोरला नाकामा व्यापारिक चहलपहलसमेत ह्वात्तै बढेको हो । यस भन्सार कार्यालयमा चीनबाट कोरला नाका हुँदै भित्रिएका १ हजार १०९ विद्युतीय सवारी साधनमध्ये ९६५ को भन्सार जाँचपास भइसकेको भन्सार कार्यालयका प्रमुख रमेश खड्काले जानकारी दिए । भन्सार कार्यालय न्हेचुङमा हाल १४४ विद्युतीय सवारी साधनको भन्सार जाँचपाँस हुन बाँकी रहेको भन्सार प्रमुख खड्काको भनाइ छ ।

यसैगरी कोरला नाकाबाट मालवस्तु आयात गरिएका ३७५ मालवाहक कन्टेनरमध्ये सबैको भन्सार जाँचपाँस भई गन्तव्यतर्फ प्रस्थान गरेका भन्सार प्रमुख खड्काले उल्लेख गरे । यहाँको भन्सार कार्यालयका कर्मचारी दसैं बिदामा घरतर्फ प्रस्थान गरिसकेका छन् । १८ असोजसम्म दसैंको सार्वजनिक बिदा भएको र दसैं मनाएर कार्यस्थलमा फर्किन २ दिन समय लाग्ने भएकाले सम्भवतः २१ गतेदेखि पुनः भन्सारका नियमित कार्यसम्पादन सुरु हुने भन्सारका नायब सुब्बा उत्तम राईले जानकारी दिए ।

नेपाल-चीन उत्तरी कोरला नाका पूर्णरूपमा सञ्चालनमा आएसँगै मुस्ताङमा व्यापारिक चहलपहलसमेत बढेको छ । नाका सञ्चालनले यहाँको आन्तरिक व्यापार व्यवसाय राम्रो चलेको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले जानकारी दिए । यसैगरी नाकामा स्थानीय नागरिक र सवारी चलाउन जान्ने युवाहरूले राम्रो आम्दानी गरेको अध्यक्ष गुरुङको भनाइ छ । नाकाको सीमापारी भन्सारमा लोड अनलोड गर्ने तथा त्यहाँ चीनको भन्सारमा ल्याएका विद्युतीय सवारी साधन चलाएर बाहिर निकाल्ने युवाहरूले मनग्ये आम्दानी गर्ने बाटो खुलेको उनले बताए ।

# आइएमएफले स्वीकृत गऱ्यो नेपालको विस्तारित ऋण

■ सौर्य समाचार



काठमाडौं । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले नेपाललाई विस्तारित ऋण सुविधा (इसिएफ) स्वीकृत गरेको छ । आइएमएफको कार्यकारी बोर्डले नेपालमा इसिएफबारे छैटौं समीक्षाबाट विस्तारित ऋण सुविधा स्वीकृत गरेको हो । अर्थमन्त्री रामेश्वर खनालका अनुसार, आइएमएफको विस्तारित ऋण सुविधा (इसिएफ) अन्तर्गतको छैटौं समीक्षा सफलतापूर्वक सम्पन्न गरेको छ ।

अर्थमन्त्री खनालले आइएमएफ बोर्ड बैठकले नेपालको इसिएफ छैटौं समीक्षालाई अनुमोदन गरेको बताए । यस स्वीकृतिसँगै नेपालले इसिएफ कार्यक्रमअन्तर्गत थप वित्तीय सहयोग प्राप्त गर्ने बाटो खुलेको छ । यसअघि, अन्तर्राष्ट्रिय लेखा परीक्षकबाट १० ठुला बैंकको कर्जाको गुणस्तरसम्बन्धी अध्ययन लोन पोर्टफोलियो रिभ्यु (एलपिआर) गर्ने विषयमा अदालतमा मुद्दा परेपछि त्यसले अन्तर्राष्ट्रिय मुद्राकोषको ऋणको छैटौं किस्तामा ढिलाइ हुने सम्भावना देखिएको थियो ।

१० ठुला बैंकको एलपिआर गर्न नेपाल राष्ट्र बैंकले बंगलादेशको फर्म हाउलादार युनुस एन्ड कम्पनीलाई छनोट गरेको थियो । त्यो छनोट प्रक्रियामा प्रश्न उठाउँदै नेपाली फर्म सुवेदी एन्ड एसोसियट्सले सर्वोच्च अदालतमा रिट दायर गरेको थियो । सर्वोच्चले त्यो प्रक्रिया तत्काललाई रोक्न अन्तरकालीन अन्तरिम आदेश दिएको छ ।

गत जेठताका नेपाल भ्रमणमा आएको आइएमएफको टोलीले नेपाली अधिकारीहरूसँग इसिइएफको छैटौं समीक्षामा कर्मचारीस्तरको सहमति गर्दा एलपीआरको प्रक्रिया अघि बढाउने विषयलाई सर्तका रूपमा राखेको थियो । आइएमएफको कार्यकारी बोर्डले १२ जनवरी २०२२ मा नेपालका लागि विस्तारित कर्जा सुविधा स्वीकृत गरेको थियो । यसअन्तर्गत नेपालले विभिन्न आर्थिक सुधारका प्रतिबद्धता व्यक्त गरेको थियो भने ३९ करोड ५९ लाख अमेरिकी डलर (करिब ५४ अर्ब रुपैयाँ) निर्ब्याजी ऋण लिने सम्झौता भएको थियो ।

# आन्दोलनले प्रभावित पर्वतका होमस्टे सडक अवरुद्धपछि झनै मारमा

■ लक्ष्मीप्रसाद सापकोटा

पर्वत । वर्षायामसँगै ग्रामीण सडक अवरुद्ध हुँदा यहाँका ग्रामीण क्षेत्रमा सञ्चालित होमस्टे (घरबास) सुनसान बनेका छन् । जिल्लामा ५ दर्जनभन्दा बढी होमस्टे सेवा सञ्चालित छन् । वर्षायामका कारण सुनसानजस्तै बनेका होमस्टेहरू जेनजी प्रदर्शनका क्रममा थप प्रभावित बनेका हुन् । मनसुन सकिन थालेसँगै पर्यटकका पर्खाइमा रहेको भए पनि तत्काल पर्यटक आउने सम्भावना नरहेको भन्दै चिन्तित बनेका छन् । वर्षायाम सुरु भएसँगै गत असारदेखिनै पर्यटकहरूको आगमनमा कमी भएपछि यहाँ सञ्चालित होमस्टे सुनसान बनेका हुन् ।

यहाँका ७ वटै पालिकामा गरी ६२ घरबास सञ्चालनमा छन् । पर्यटन तथा उद्योग कार्यालयका अनुसार कुश्मा नगरपालिकामा ११, फलेवास नगरपालिकामा पाँच, मोदी गाउँपालिकामा १९, जलजला गाउँपालिकामा छ, महाशिला गाउँपालिकामा ९, पैंयुँमा ३ र विहादीमा ७ वटा होमस्टे सेवा सञ्चालनमा रहेका छन् । यी सामुदायिक होमस्टे हुन् भने २ वटा निजी होमस्टेसमेत सञ्चालनमा छन् ।

जिल्लाको कुश्मा नगरपालि-३ दुर्लुङ, वडा नं १४ आर्थर, फलेवास -२ थापाठाना, जलजला गाउँपालिकाको बाँखसर्क, लेखफाँट, शालिजा, महाशीला गाउँपालिकाको भोक्सिङ, पाखापानी, बालाकोट, लुंखु, बिहादी गाउँपालिकाको गेप्ताङ र बाँच्छा सामुदायिक होमस्टे तथा पैंयु गाउँपालिकाको नेकर्गा र चिन्नेखर्कलगायतका स्थानमा सञ्चालित घरबास वर्षायामका कारण ठप्पजस्तै रहेको सञ्चालकले बताएका छन् ।



गण्डकी प्रदेशकै अग्रणी घरबास सेवा दिँदै आएको मोदी -८ चित्रेस्थित पञ्चकोशी सामुदायिक होमस्टेमा मात्र गत वर्षमा ४ हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक भित्रिएका थिए । धेरैको रोजाइमा पर्दै आएको 'चित्रे ग्रामीण पर्यटन होमस्टे' मा विभिन्न जिल्लाबाट पाहुनाहरू आउने क्रम अब सुरु हुने होमस्टे व्यवस्थापन समितिका अध्यक्ष सुशीलादेवी गुरुङले बताइन् ।

प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल पञ्चासेको काखमा रहेको चित्रेबाट देखिने प्राकृतिक दृश्यका साथै गुरुङ जातिको मौलिक कलाले होमस्टेमा आउनेहरूको मन जित्दै आएको छ । अहिले वर्षायाम भएकाले आन्तरिक तथा बाह्य पर्यटकको संख्या सुन्यजस्तै रहेको छ । अब बिस्तारै हिउँदयाम सुरु भएपछि पर्यटकहरु आउने क्रम सुरु हुने उनले बताइन् । चित्रे हुँदै स्याङ्जा, कास्की र पर्वतको संगमस्थल पञ्चासेमा पदयात्रा गर्दै जाने 'रुट' समेत रहेका कारण पदयात्रामा जानेदेखि चित्रेको कला र प्राकृतिक सौन्दर्य हेर्न जाने आन्तरिक पर्यटकहरूको संख्या धेरै छ ।

होमस्टे पुग्ना साथ गुरुङ पोसाकमा सजिएका महिलाबाट टीका, फूल र मालाबाट गरिने आतिथ्यले सबैलाई फुरुंग बनाउँछ । खानाको रूपमा कोदोको पिठोबाट बनाइएको पुवा, सेल रोटी, गुन्द्रुक र भट्टको तरकारी, स्थानीय जातका गोलभैंडाबाट बनाएको चटनी अनि लेकको चिसोपानीले मथेर बनाएको मोहीले धेरैलाई लोभ्याउँछ । चित्रेको होमस्टेका आकर्षणमा अर्गानिक र स्थानीय खानाका स्वादसँगै पञ्चेबाजाको ताल र भजनको टुक्का पनि रहेको होमस्टे विकास समितिका सल्लाहकार मधुसोदन अधिकारीले बताए । अहिले सडक समेत अवरुद्ध भएकाले पर्यटकहरू आउन सकेका छैनन् ।

यस्तै, मोदी-१ भुकतांलेमा रहेको लप्सीबोट सामुदायिक र भुक देउराली नमूना सामुदायिक होमस्टे पनि सुनसान छन् । गाउँ जोड्ने पातीचौर-देउपुर-लप्सीवोट सडक १ महिनादेखि अवरुद्ध हुँदा पर्यटकहरू आउन नसकेको वडाध्यक्ष टेकबहादुर गुरुङले बताए । वर्षायाममा न्यून पर्यटक आउने भए पनि सडक समेत अवरुद्ध हुँदा झनै ठप्प बनेको उनले जानकारी दिए । नियमित वर्षा भइरहँदा जिल्लाका अन्य होमस्टेहरूमा पनि पर्यटकको चहलपहल बढ्न नसकिरहेको पर्यटन तथा उद्योग कार्यालय पर्वतले जनाएको छ । कार्यालयका अनुसार वर्षा रोकिएपछि चाडबाड सुरु हुने र पर्यटनको मौसमसमेत सुरु हुने भएकाले चहलपहल बढ्ने कार्यालय प्रमुख अशोक नेपालीले बताए ।

# विराटनगर भन्सारको डेटाबेस प्रणाली उपयोग गर्न आग्रह

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघले विराटनगर भन्सार कार्यालयबाट सुरु भएको डेटाबेस प्रणालीको उपयोग गर्न आग्रह गरेको छ । बहुप्रतिक्षित मूल्यांकन डेटाबेस प्रणालीको सफल परीक्षण गरिएसँगै महासंघले त्यसको उपयोग गर्न व्यवसायीहरुलाई आग्रह गरेको हो । महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले हाल पाइलटका रूपमा सुरु भएको मूल्यांकन प्रक्रिया उपयोग गर्न उद्यमी व्यवसायीहरुमा आग्रह गरेका हुन् । सबै भन्सार विन्दुमा उक्त सेवा सुरु गर्न सरकारसँग मागसमेत गरे ।

अनलाइन डेटाबेस प्रणालीलाई विश्व व्यापार संगठनले मान्यता दिएको हुँदा यो वैज्ञानिक विधि भएको र यसले नेपालमा अनौपचारिक अर्थतन्त्रको एउटा पाटो न्यूनवीजकीकरण र अधिक वीजकीकरणको समस्यालाई धेरै हदसम्म सम्बोधन गर्ने अपेक्षा गरिएको छ । प्रचलित सन्दर्भ पुस्तिकालाई विस्थापितगरी विश्व व्यापार संगठन अन्तर्गतको ग्याट सम्झौतामा उल्लिखित र अधिकांश मुलुकमा चलेको यो मूल्यांकन विधि नेपालमा पहिलोपटक सुरु भएको थियो ।यहि ९ असोजमा अर्थमन्त्री रामेश्वर खनालले उक्त प्रणालीको उद्घाटन गरेका थिए । हरेक ६ महिनामा परिमार्जन हुने सन्दर्भ पुस्तिकाका विषयमा व्यवसायीको गुनासो सम्बोधन गर्ने अपेक्षा सरकारको छ । यस विधिमा जाँचपास भएको सबै वस्तुको मूल्य विवरण संग्रह गरिनेछ । सरकारका अनुसार यो भन्सार जाँचपासमा आएका वस्तुको विश्लेषण र तुलना गर्न मिल्ने डिजिटल स्रोत हो जसले कारोबार मूल्य पहिचान गर्न सहयोग पुग्दछ ।

व्यवसायीहरुले कारोबार मूल्यलाई मान्यता दिन आग्रह गरिरहेको सन्दर्भमा मूल्यांकन डाटाबेस प्रणाली त्यसतर्फको डिजिटल प्रक्रिया हो । महासंघले ग्याट भ्यालुएसनअनुसार अनलाइन मूल्यांकन गर्न सकिने सम्भावना केही वर्षदेखि सरकारलाई देखाउँदै आएको थियो । मूल्य निर्धारण डब्ल्युटिओ/ग्याट भ्यालुएसन आर्टिकलमा उल्लिखित विधिहरूको पूर्ण पालना गरी सो अनुरूप कारोबार मूल्य निर्धारण गरिनुपर्ने माग महासंघको छ ।


Kepilasgadhi Rural Municipality
Office of Rural Municipal Executive
Baksila, Khotang
Website: kepilasgadhimun.gov.np

Invitation For E-Bids

Date of publication: 2082/06/19 (5th Oct, 2025)

Kepilasgadhi Rural Municipality , Office of Rural Municipal Executive, Baksila, Khotang , Nepal invites open competetive Bidding (Electronic Bids Only) from eligible and qualified bidders for the following work under NCB procedures. For More Detail, Eligible and interested bidders may visit and download the bid documents from e-GP system. PPMO's website: http/www.bolpatra.gov.np/egp.

| Contract Id | Description of Works | Last Date Of Bid Submission | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| 02/KRM/NCB/ WORKS/2082/083 | Upgrading of Baksila Khatrigaun Damkhu Birudanda Sungdel Hudai Salpa Sadak | 4th Nov, 2025 12:00 P.M. | 10,50,000 Nrs | 5,000 Nrs |

*Chief Administrative Officer*
*Kepilasgadhi Rural Municipality*